आज मिति २०७९ साल जेष्ठ २७ गते शुक्रबार कको दिन ..............ठिक............बजे कचनकवल गाउँपालिकाको बैठक कक्षमा गाउँपालिका अध्यक्ष श्री कालेन्द्र प्रसाद सिंह राजवंशी ज्यू को अध्यक्षतामा गाउँ कार्यपालिकाका निम्नानुसारका सदस्यहरुको उपस्थितिमा बैठक बसी पेश भएका विभिन्न प्रस्तावहरु उपर छलफल गरि निर्णय गरियो.....................................................................................................।।।

| सि.नं. | पद | नाम | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|
| १. | अध्यक्ष | श्री कालेन्द्र प्रसाद सिंह राजवंशी | ९८०४९३३७३४ | |
| २. | उपाध्यक्ष | श्री नवराज भट्टराई | ९८०६०६९४६७ | |
| ३. | वडा अध्यक्ष | श्री महाविर लिम्बु | ९८१०२६४००४ | |
| ४. | वडा अध्यक्ष | श्री लेखनाथ खत्री | ९८०२३१५३७३ | |
| ५. | वडा अध्यक्ष | श्री ग्यास अजमल मिया | ९८१८८८३९९३ | |
| ६. | वडा अध्यक्ष | श्री नुर जमा मिया | ९८१४०८२९९६ | |
| ७. | वडा अध्यक्ष | श्री मो.नुर आलम | ९८०४९२३२१८ | |
| ८. | वडा अध्यक्ष | श्री चिन्तामणी खरेल | ९८०१४५९२०० | |
| ९. | वडा अध्यक्ष | श्री भरत राजवंशी | ९८१७९५६०९८ | |
| १० | सदस्य | श्री सामवती राजवंशी | ९८१५०२६०७३ | |
| ११ | सदस्य | श्री मनमाया चौहान | ९८१४०४६९५२ | |
| १२ | सदस्य | श्री प्रभा राजवंशी | ९८१५९४२४५६ | |
| १३ | सदस्य | श्री सुनिता दर्जी | ९८१५०९५०७९ | |
| १४ | सदस्य | श्री तेजलाल राजवंशी | ९८१४९७९४१३ | |
| १५ | सदस्य | श्री उमाशंकर गणेश | ९८१७०५३६०४ | |
| १६ | सचिव | श्री कुमार बस्नेत | ९८५२६५५२१० | |
| अन्य आमन्त्रित महानुभावहरु | | | | |
| १ | फि.स. | सागरमणि अधिकारी | | |
| २ | फा.स. | कमला घिमिरे | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| | | | | |

CamScanner

**प्रस्तावहरु :**

१) पुराना योजनाहरुको भुक्तानी सम्वन्धमा ।

२) हयुम पाईप खरिद सम्बन्धमा ।

३) हरिमाया खड्काको माग निवेदन सम्वन्धमा ।

४) सोलार लाईट खरिद सम्वन्धमा ।

५) वडा नं.३ र ७ जोड्ने मदनखोला र मेची नदी तटबन्धन गर्ने सम्बन्धमा ।

६) विपद व्यवस्थापन कोषमा रकम थप गर्ने सम्वन्धमा ।

७) राजस्व परामर्श समिति गठन गर्ने सम्वन्धमा ।

८) न्यायिक समिति गठन गर्ने सम्बन्धमा ।

९) श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन गर्ने सम्वन्धमा ।

१०) बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्ने सम्वन्धमा ।

११) विपद व्यवस्थापन समिति गठन गर्ने सम्वन्धमा ।

१२) पूर्वाधार विकास समिति गठन गर्ने सम्वन्धमा ।

१३) वन, तथा वातावरण संरक्षण समिति गठन गर्ने सम्बन्धमा ।

१४) आर्थिक विकास समिति गठन गर्ने सम्वन्धमा ।

१५) सुशासन तथा सेवा प्रवाह समिति गठन गर्ने सम्बन्धमा ।

१६) सामाजिक विकास समिति गठन गर्ने सम्वन्धमा ।

१७) विधेयक समिति गठन गर्ने सम्वन्धमा ।

**निर्णयहरु :**

**१) प्रस्ताव नं. १ उपर छलफल हुँदा** विगतमा गाउँपालिकामा संचालित भई भुक्तानी हुन बाँकी रहेका टोल विकास संस्था, उपभोक्ता समिति तथा ठेक्का प्रकृयाका सबै योजना तथा कार्यक्रमहरु प्राविधिक सहितको नवगठित गाउपालिका स्तरीय योजना अनुगमन तथा फरफारक समितिबाट स्थलगत रुपमा अनुगमन तथा नीरिक्षण गरि प्राविधिकको पुर्नमुल्यांकन प्रतिवेदनका आधारमा योजना फरफारक गरी अन्तिम भुक्तानी प्रकृया अगाडि बढाउने तथा भौतिक पुर्वाधारका ठुला ठेक्का र बहुवर्षिय बाहेकका अन्य सम्झौता भइ हालसम्म संचालन नभएका योजना तथा कार्यक्रमहरुका हकमा प्राविधिकको रायसहित यदि असार १५ गतेसम्म योजना सम्पन्न हुन सक्ने संभावना नदेखिएमा त्यस्ता सबै योजनाहरु रद्द गर्ने निर्णय गरियो ।

**२) प्रस्ताव नं.२ उपर छलफल हुँदा** वर्षातको समयमा पानी निकासको उचित व्यवस्थापन गर्न नसक्दा सडकहरुमा पानी जम्मा भई स्थानीयवासीहरुलाई आवत जावतमा समस्या हुने देखिएकोले सो को व्यवस्थापन गर्न यसभन्दा अगाडि गाउँपालिकाबाट खरिद गरिएका हयूमपाईपहरु अपर्याप्त रहेका देखिएको हुँदा सबै वडाको मग बमोजिम अघिल्लो हयूमपाईप खरिदको टेण्डरबाट बचत हुन गएको रकममा ग्यासचुल्हा टेण्डर बदरबाट प्राप्त हुने रकम समेत थप गरि ढुवानी भाडा सहित कुल ९,२५,०००। (नौ लाख पचिस हजार) बराबरको विभिन्न नापसाईजका (३०, ४५, ६०, ९० साइजका) हयूमपाईपहरु गाउपालिकाबाटै प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम खरिद गरि वडाकार्यालयहरुलाई उपलब्ध गराउने निर्णय गरियो।

CamScanner

३) **प्रस्ताव नं. ३ उपर छलफल हुँदा** निवेदक हरिमाया खड्काले सिलाई कटाई तालिम निरन्तरतका लागि रु. ५० हजार माग गरि निवेदन पेश गर्नु भएकोमा हाल गाउपालिकामा बजेट श्रोत अभाव रहेको हुँदा निजको माग सम्बन्धमा आगामी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

४) **प्रस्ताव नं. ४ उपर छलफल हुँदा** नवीकरणीय उर्जा अर्न्तगत नेपाल सरकारको सशर्त कार्यक्रम मार्फत प्राप्त रकमबाट प्राविधिक लगत ईष्टिमेटका आधारमा गाउँपालिकाबाट सोलार लाईटहरु खरिद गरि कचनकवल भित्रका देहाय बमोजिम बजार क्षेत्रहरुमा निम्न संख्यामा सोलार लाईटहरु जडान गर्ने निर्णय गरियो ।

तपसिल:

१) भूतेश्वर मन्दिर परिसरमा १ थान, २) पथरिया पुरानो बजार क्षेत्रमा २ थान, ३) नयाँबजार क्षेत्रमा २ थान, ४) घेराबारी बजार क्षेत्रमा २ थान ।

५) **प्रस्ताव नं. ५ उपर छलफल गर्दा** यस कचनकवल गाउपालिकाको वडा नं. ३ र ७ जोड्ने स्थलको मदनखोला तथा वडा नं.५ को मेची नदीमा बाढीको पानीबाट कटान गरि छेउछाउका बस्तीहरुमा पानी पसी जनधनको क्षति हुने संभावना देखिएको र वर्षातको बाढीले त्यसमा अझ थप संकट उत्पन्न गरि समस्या श्रृजना गर्ने देखिएको हुँदा उक्त क्षेत्रहरुमा तटवन्धन गरि मानव जनधनको सुरक्षा गर्न तत्काल २०००(दुई हजार) प्लाष्टिक बोराहरु र सो भर्न आवश्यक बालुवा प्राविधिक लगत ईष्टिमेटका आधारमा आवश्यक बजेट रकम बदर भएका तथा ठेक्काबाट बचत भएका रकम शीर्षकहरुबाट भुक्तानी गर्ने गरि गाउँपालिकाबाटै खरिद गरि प्रधानमन्त्री रोजगार कार्यक्रमका श्रमिकहरु परिचालन गरि तटबन्धन निर्माण कार्य अगाडि बढाउने निर्णय गरियो ।

६) **प्रस्ताव न ६ उपर छलफल गर्दा** मनसुनी वर्षा नेपालमा प्रवेश गरिसकेको र कचनकवलको भूमि धेरै होचो भएको कारण वर्षातको पानी र बाढीले प्रशस्तै क्षति पुर्‍याउने संभावना रहेको तथा गाउँपालिकाको विपद व्यवस्थापन कोषमा हाल रकम अभाव रहेको देखिएको हुदा भावी प्रकृतिक विपतलाई मध्यनजर गरि हाल उक्त विपद व्यवस्थापन कोषमा ठेक्का बदरबाट प्राप्त हुने रकम मध्येबाट रु. १५(पन्ध्र) लाख आगामी गाउँसभाबाट अनुमोदन हुने गरि विनियोजन गरि जम्मा गर्ने निर्णय गरियो ।

७) **प्रस्ताव नं. ७ उपर छलफल हुँदा** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६५ बमोजिम गाउँपालिकाको आन्तरिक आय व्यवस्थापन, राजस्व प्रक्षेपण सम्बन्धमा आवश्यक स्थानीय नीति निर्माण तथा परामर्श दिनका लागि तपसिल अनुसारको स्थानीय राजस्व परामर्श समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल:

१) गा.पा.उपाध्यक्ष श्री नवराज भट्टराई ................................ संयोजक

२) प्रमुख प्रशासकीय अधिकृत श्री कुमार वस्नेत ................................ सदस्य

३) का.पा.सदस्य श्री भरत राजवंशी ................................ सदस्य

४) का.पा.सदस्य श्री प्रभा राजवंशी ................................ सदस्य

५) निजी क्षेत्र उद्यमी प्रतिनिधि श्री अजिम मिया ................................ सदस्य

६), घरेलु प्रतिनिधि ................................ सदस्य

७) राजस्व शाखा प्रमुख श्री पंचानन राजवंशी ................................ सदस्य सचिव

८) **प्रस्ताव नं. ८ उपर छलफल गर्दा** स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ८ मा भएको न्यायिक कार्य सम्बन्धि व्यवस्था अनुसार प्रचलित नेपाल कानूनहरु अर्न्तगत रहि गाउँपालिकाको अधिकारक्षेत्रभित्र पर्ने गाउँपालिका भित्रका न्यायिक विवादहरु निरुपण गर्न तथा न्याय सम्पादन कार्य सम्बन्धि व्यवस्था गर्न नेपालको संविधान (२०७२)

प्रमुख प्रशासकीय अधिकृत

कालेन्द्र प्रसाद सिंह राजवंशी
गा.पा. अध्यक्ष

को धारा २१७ बमोजिम आगामी दोश्रो गाउँसभाको प्रथम अधिवेशनबाट अनुमोदन हुने गरि देहाय अनुसारको स्थानीय न्यायिक समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल:

| | |
|---|---|
| १) गाउँपालिका उपाध्यक्ष श्री नवराज भट्टराई | संयोजक |
| २) ७ नं.वडाध्यक्ष श्री भरत राजवंशी | सदस्य |
| ३) सदस्य श्री बबिता काफ्ले | सदस्य |
| ४) उजूरी प्रशासक श्री सरला लुईटेल | सचिव |

**९) प्रस्ताव नं. ९ उपर छलफल गर्दा** गाउँपालिकाको आन्तरिक आय, राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण र संकलित श्रोतको सन्तुलित वितरणको खाका तथा बजेट सीमा निर्धारण गर्न स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६६ बमोजिम देहाय अनुसारको श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको गठन गर्ने निर्णय गरियो ।

तपसिल:

| | |
|---|---|
| १) गा.पा. अध्यक्ष श्री कालेन्द्र प्रसाद सिंह राजवंशी | संयोजक |
| २) गा.पा. उपाध्यक्ष श्री नवराज भट्टराई | सदस्य |
| ३) ६ नं.वडाध्यक्ष श्री चिन्तामणी खरेल | सदस्य |
| ४) ३ नं.वडाध्यक्ष श्री ग्यास आजमल मिया | सदस्य |
| ५) सदस्य श्री सामवती राजवंशी | सदस्य |
| ६) सदस्य श्री सुनिता दर्जी | सदस्य |
| ७) प्रमुख प्रशासकीय अधिकृत श्री कुमार बस्नेत | सदस्य सचिव |

**१०) प्रस्ताव नं. १० उपर छलफल हुँदा** यस कचनकवल गाउँपालिकाको स्वीकृत श्रोत र बजेटको अधिनमा रहि वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६७ अनुसार देहाय बमोजिमको बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल:

| | |
|---|---|
| १) गा.पा.उपाध्यक्ष श्री नवराज भट्टराई | संयोजक |
| २) वडाध्यक्ष श्री चिन्तमणि खरेल | सदस्य |
| ३) वडाध्यक्ष श्री ग्यास आजमल मिया | सदस्य |
| ४) वडाध्यक्ष श्री लेखनाथ खत्री | सदस्य |
| ५) वडाध्यक्ष श्री नुर आलम | सदस्य |
| ६) वडाध्यक्ष श्री नुरुज जमा मिया | सदस्य |
| ७) वडाध्यक्ष श्री भरत राजवंशी | सदस्य |
| ८) वडाध्यक्ष श्री महाविर लिम्बु | सदस्य |

कालेन्द्र प्रसाद सिंह राजवंशी
गा.पा. अध्यक्ष

CamScanner

९) प्रमुख प्रशासकीय अधिकृत श्री कुमार बस्नेत सदस्य

१०) योजना तथा अनुगमन अधिकृत श्री केशव मैनाली सदस्य सचिव

**११) प्रस्ताव नं. ११ उपर छलफल हुँदा** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १४ अन्तर्गत रहि स्थानीयस्तरमा आइपर्ने विभिन्न प्रकारका प्राकृतिक एवं मानवीय कारणहरुबाट श्रृजित विपदजन्य परिस्थितिहरुको तत्काल मूल्यांकन गरि उचित निर्णय निकास र संकट व्यवस्थापन गर्नका लागि कचनकवल गाउँपालिकाको विपद व्यवस्थापन ऐन २०७५ को दफा ३ अनुसार देहाय बमोजिमको स्थानीय विपद व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल:

१) श्री कालेन्द्र प्रसाद सिहं राजवंशी (गा.पा. अध्यक्ष) संयोजक

२) श्री नवराज भट्टराई सदस्य

३) श्री लेखनाथ खत्री सदस्य

४) श्री उमाशंकर गणेश सदस्य

५)श्री सान्जावती राजवंशी सदस्य

६) श्री केशव मैनाली, वन वातावरण तथा विपद व्यवस्थापन शाखा सदस्य सचिव

**१२) प्रस्ताव नं. १२ उपर छलफल गर्दा** कचनकवल गाउपालिकाभित्र स्थानीयस्तरमा विभिन्न भौतिक पूर्वाधारहरु निर्माण गरि समृध्द गाउँपालिका निर्माणको आधारहरु तयार गर्न तथा पूर्वाधार निर्माणका क्षेत्रमा आवश्यक नीति निर्माण गरि कार्यान्वयन गर्न स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १४ अनुसार देहाय बमोजिमको स्थानीय पूर्वाधार विकास समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल :

१) श्री उमा शंकर गणेश संयोजक

२) श्री सामवती राजवंशी सदस्य

३) श्री प्रभा राजवंशी सदस्य

४) श्री तेजलाल राजवंशी सदस्य

५) श्री साजन कुमार राई सदस्य सचिव

**१३) प्रस्ताव नं. १३ उपर छलफल गर्दा** कचनकवल गाउँपालिका भित्र संघीय एवं प्रादेशिक कानूनहरु समेतका अधिनमा रहि आवश्यकता अनुसार सरकारी तथा गैर सरकारी अन्य निकायहरु समेतको समन्वयमा स्थानीय स्तरमा वन तथा जैविक विविधताको संरक्षण र विकास तथा सन्तुलित र स्वच्छ प्राकृतिक वातावरण निर्माणका क्षेत्रमा आवश्यक अध्ययन अनुसन्धान गरि वन तथा वातावरणीय पूर्वाधारहरुको विकासमा जोड दिन साथै उक्त क्षेत्रहरुका लागि समयानुकुल आवश्यक नीतिहरु निर्माण गरि गाउँपालिकालाई सल्लाह र सुझावहरु दिने लगायतका काम गर्न स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १४ अन्तर्गत रहि देहाय बमोजिमको स्थानीय वन तथा वातावरण संरक्षण समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल:

१) श्री लेखनाथ खत्री — संयोजक

२) श्री महाविर लिम्बु — सदस्य

३) श्री सामवत्ती राजवंशी — सदस्य

४) श्री मनमाया चौहान — सदस्य

५) श्री केशव मैनाली — सदस्य सचिव

**१४) प्रस्ताव नं. १४ उपर छलफल गर्दा** कचनकवल गाउँपालिका भित्र संघीय एवं प्रादेशिक कानूनहरु समेतका अधिनमा रहि आवश्यकता अनुसार सरकारी तथा गैर सरकारी अन्य निकायहरु समेतको समन्वयमा स्थानीय स्तरमा आर्थिक विकासका क्षेत्रहरुमा आवश्यक अध्ययन अनुसन्धान गरि आर्थिक सूचकका पूर्वाधारहरुको विकासमा जोड दिन साथै उक्त क्षेत्रहरुका लागि समयानुकुल नीतिहरु निर्माण गरि गाउँपालिकालाई सल्लाह र सुझावहरु दिने लगायतका काम गर्न कार्यपालिकाको कार्यकारिणी अंगको रुपमा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १४ अर्न्तगत रहि देहाय बमोजिमको स्थानीय आर्थिक विकास समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल:

१) श्री  ग्यास आजमल मिया — संयोजक

२) श्री लेखनाथ खत्री — सदस्य

३) श्री उमा शंकर गणेश — सदस्य

४) श्री सुनिता दर्जी — सदस्य

५) श्री मशिन्द्र प्रसाद यादव — सदस्य सचिव

**१५) प्रस्ताव नं. १५ उपर छलफल गर्दा** कचनकवल गाउँपालिकाभित्र संघीय एवं प्रादेशिक कानूनहरु समेतका अधिनमा रहि आवश्यकता अनुसार सरकारी तथा गैर सरकारी अन्य निकायहरु समेतको समन्वयमा स्थानीय स्तरमा सुशासन तथा सेवा प्रवाहका क्षेत्रहरुमा आवश्यक अध्ययन अनुसन्धान गरि गाउँपालिकाको संस्थागत क्षमता विकासमा जोड दिन साथै उक्त क्षेत्रहरुका लागि समयानुकुल आवश्यक नीतिहरु निर्माण गरि गाउँपालिकालाई सल्लाह र सुझावहरु दिने लगायतका काम गर्न कार्यपालिकाको कार्यकारिणी अंगको रुपमा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १४ अर्न्तगत रहि देहाय बमोजिमको स्थानीय सुशासन तथा सेवा प्रवाह समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल:

१) श्री भरत राजवंशी — संयोजक

२) श्री मो.नूर आलम — सदस्य

३) श्री सामवत्ती राजवंशी — सदस्य

४) श्री तेजलाल राजवंशी — सदस्य

५) श्री भूमि प्रसाद निरौला — सदस्य सचिव

**१६) प्रस्ताव नं. १६ उपर छलफल गर्दा** कचनकवल गाउँपालिकाभित्र संघीय एवं प्रादेशिक कानूनहरु समेतका अधिनमा रहि आवश्यकता अनुसार सरकारी तथा गैर सरकारी अन्य निकायहरु समेतको समन्वयमा स्थानीय स्तरमा शिक्षा, स्वास्थ्य लगायतका सामाजिक विकासका क्षेत्रहरुमा सुशासन तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउन आवश्यक अध्ययन अनुसन्धान गरि गाउँपालिकाको संस्थागत क्षमता विकासमा जोड दिन साथै उक्त क्षेत्रहरुका लागि समयानुकुल आवश्यक नीतिहरु निर्माण गरि गाउँपालिकालाई सल्लाह र सुझावहरु दिने लगायतका काम गर्न

CamScanner

कार्यपालिकाको कार्यकारिणी अंगको रुपमा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १४ अर्न्तगत रहि देहाय बमोजिमको सामाजिक समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल:

| | |
|---|---|
| १) श्री चिन्तामणि खरेल | संयोजक |
| २) श्री महाविर लिम्बु | सदस्य |
| ३) श्री ~~मो.नूर आलम~~ उमाशंकर गणेश | सदस्य |
| ४) श्री मनमाया चौहान | सदस्य |
| ५) श्री जागेश्वर प्रसाद यादव | सदस्य सचिव |

**१७) प्रस्ताव नं. १७ उपर छलफल गर्दा** कचनकवल गाउँपालिकाभित्र संघीय एवं प्रादेशिक कानूनहरु समेतका अधिनमा रहि आवश्यकता अनुसार सरकारी तथा गैर सरकारी अन्य निकायहरु समेतको समन्वयमा स्थानीय स्तरमा आवश्यकता अनुसार स्थानीय कार्यविधि, नीति नियम तथा निर्देशिकाहरु निर्माण गरि सुशासन तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउन आवश्यक अध्ययन अनुसन्धान गरि गाउँपालिकाको संस्थागत क्षमता विकासमा जोड दिन साथै उक्त क्षेत्रहरुका लागि समयानुकुल आवश्यक नीतिहरु निर्माण गरि गाउँपालिकालाई सल्लाह र सुझावहरु दिने लगायतका काम गर्न कार्यपालिकाको कार्यकारिणी अंगको रुपमा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १४ अर्न्तगत रहि देहाय बमोजिमको विधेयन समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल:

| | |
|---|---|
| १) श्री मो.नुर आलम | संयोजक |
| २) श्री महाविर लिम्बु | सदस्य |
| ३) श्री लेखनाथ खत्री | सदस्य |
| ४) श्री प्रभा राजवंशी | सदस्य |
| ५) श्री मनिता बराल | सदस्य सचिव |

प्रमुख प्रशासकीय अधिकृत

कालेन्द्र प्रसाद ...
गा.पा. ...